# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

# कैलारी गाउँपालिका

## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३८३ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कैलारी गाउँपालिका, कैलाली ।

**कैफियत सहितको राय**

हामीले **कैलारी गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.३ करोड ३५ लाख ६७ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।१२।१० मा प्राप्त प्रतिक्रियाबाट रु.१४ लाख ८४ हजार फर्स्योंट भई असुल गर्नुपर्ने रु.१ करोड ३२ लाख ५८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ९ लाख, नियमित गर्नुपर्ने रु.७१ लाख १० हजार र पेश्की रु.८ लाख १५ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.६ करोड ४ लाख ८२ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.९ करोड १७ लाख २ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## कैलारी गाउँपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्योट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ३५ | ३३५६७ | ० | २ | १४८४ | ५५ | ३३ | ३२०८३ | १३२५८ | ७११० | १०९०० | ० | ० | १८०१० | ८१५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्र्योट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ६०४८२ | ० | ८६३ | ५९६१९ | ० | ३२०८३ | ९१७०२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कैलारी गाउँपालिका, कैलाली , कैलारी गाउँपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विर बहादुर ऐर | २०७८-१०-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | खगेन्द्र राज जोशी | २०७७-४-१ | |
| लेखा प्रमुख | दिपेन्द्र चौधरी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३३,५६६,५२८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,२१,१५,९८५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५२,२७,०३,४६९ | **चालु खर्च** | ५१,५०,७६,९८७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,१३,३७,००० | **पूँजीगत खर्च** | १९,७१,५२,८३६ |
| **राजश्व बाँडफाँट** | १०,८४,७२,६८३ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | ४,२२,६०,३३२ | | |
| **अन्य आय** | ३,५१,६७,४५० | | |
| **कुल आय** | ७३,९९,४०,९३४ | **कुल खर्च** | ७१,२२,२९,८२३ |
| **बाँकी मौज्दात** | | ६,९८,२७,०९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।नेपालको सुदूर पश्चिम प्रदेशको कैलाली जिल्ला अर्न्तगतको **यस कैलारी गाउँपालिकामा ९ वडा, ४९ सभा सदस्य, २३३.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४७९८७ जनसंख्या रहेको छ ।**<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित विबरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसंग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायतसम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली-**<br>लेखापरीक्षणको क्रममा औँल्याइएको जनता सरस्वती आविको बढी तलव निकासा रु.९९१९९.५,जनता आ वि को १०८५१, जीवनज्योत्ति प्रा वि को रु.१४००।- जनकल्याण आ विको श्र.६५८० बढी तलव निकासा र बढी भुक्तानी भएको सामाजिक सुरक्षा भत्ता रु.१२०००। , अग्रिक आयकर ४२१० र बहाल कर ९३०० असुल भई बेरुजु खातामा दाखिला भएको छ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• *पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।*<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । सो अनुरुप बजेट तथा कार्यक्रम तयार गर्नेतर्फ गाउँपालिकाले ध्यान पुर्‍याउनुपर्दछ ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको छ भने आर्थिक वर्षको मध्यबाट इटिडिएस गरेको छ ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको **पाईएन।**<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म. ले.प.फा.नं. ५०७)र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **चौमासिक पूँजीगत खर्च स्थिति-**<br>नगरपालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.१८ करोड ३३ लाख ३४ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ६ लाख ७५ हजार अर्थात ११.२७ प्रतिशत, दोश्रो चौमासिकमा रु.४ करोड ४९ लाख ७५ हजार अर्थात २४.५३ प्रतिशत र तेश्रो चौमासिकमा रु.११ करोड ७६ लाख ८५ हजार अर्थात ६४.१९ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.६ करोड ६७ लाख ४ हजार अर्थात ३६.३८ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमास तथा असार महिनामा पूँजीगत खर्चमा चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>क्षेत्रगत बजेट तथा खर्चको स्थिति-<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट ( रु. हजारमा)</th><th>खर्च ( रु. हजारमा)</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४३४२१</td><td>४१९५७</td><td>९६.६३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१७३९८६</td><td>१५६६८१</td><td>९०.०५</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२६२२५४</td><td>२४५८१५</td><td>९३.७३</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३७५०५</td><td>३७२४७</td><td>९९.३१</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>९०८५५</td><td>८४४०६</td><td>९२.९०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ९९.३१ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ९०.०५ प्रतिशत रहेको छ । पूजीगत क्षेत्रको बजेट सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट अवण्डा-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्नेमा गाउँपालिकाले विशिष्टिकृत रुपका कार्यक्रम नतोकी समष्टिगत रुपमा क्षेत्रगत रुपमा रु.१३ करोड ९६ लाख रुपैयाँ अबण्डा राखी बजेट पारित गरेको छ । गाउँपालिकाले विभिन्न निर्णयको आधारमा कार्यक्रम बनाई रकमान्तर गरी खर्च गरेको छ । पालिकाले बजेट अवण्डा राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>सार्वजनिक सम्पतिको संरक्षण र उपयोग-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्बन्धमा निम्नानुसार देखिएको छ: पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **प्रगति प्रतिवेदन-**<br>पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेको देखिएन जसले गर्दा सम्पादित कामको परिमाण र अबस्था को बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेकोले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सो को बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ । | |
| ९ | | २०७८-१०-१७ | **कर्मचारी कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषमा गत वर्षसम्म १८३७५०५।- मौज्दात रहेको यस वर्ष वित्तीय समानीकरणबाट रु.६ लाख ७७ हजार ७४० एकमुष्ट ट्रान्सफर गरेको छ । उक्त कोषको संचालन सम्बन्धमा पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम जम्मा गर्नुपर्दछ । | |
| १० | | | **सफ्टवेयर सम्बन्धमा-**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले स्वीकृतीवेगरका राजश्व , कर्मचारी व्यवस्थापन प्रणाली, जेष्ठ नागरिक तथा अपांग परिचयपत्र सफ्टवेयर जस्ता महत्वपूर्ण सफ्टवेयरको सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छ भन्ने अवस्था रहेन । यस्ता सफ्टवेयर प्रयोगमा ल्याउँदा स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ११ | | | **कानून निर्माण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म गाउँपालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी ५२ कानून बनाएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्वास्थ्य, स्थानीय तथ्याङ्क लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। | |
| १२ | | | **न्यायीक समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७७/७८ मा गत वर्षको १८ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष ७१ मुद्दा दर्ता भएकोमा ५४ मुद्दा फछ्र्यौट भएका छन भने ३५ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाउँपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **पदाधिकारी सुविधा-**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट रु. ८६ लाख ३६ हजार सुविधा वापत भुक्तानी भएको छ । | |
| १४ | | | **आर्थिक सहायता-**<br>अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई रु.१४७१०००।– नगद बाँडेको देखियो । नगरपालिकाले वडागत तथा नगरपालिकाको सिफारिसको आधारमा कार्यविधि नबनाई बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु. | १,४७१,००० |
| १५ | | | **कोभिड कोष आय व्यय-**<br><br>कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ।<br><table><tr><td>आय बिबरण</td><td>रकम रु</td><td>ब्यय बिबरण</td><td>रकम रु</td></tr><tr><td>गत बर्षको अ ल्या</td><td>९६६२०८।६८</td><td>बजेट खर्च</td><td>२४७३७८२।००</td></tr><tr><td>यस बर्ष प्राप्त</td><td>१८९१५६०।००</td><td>मौज्दात बाकी</td><td>३८३९८६।६८</td></tr><tr><td>जम्मा</td><td>२८५७७६८।६८</td><td>जम्मा</td><td>२८५७७८६।६८</td></tr></table>कोभिड १९ महामारीको कारण उत्पन्न प्रकोपको रोकथाम नियन्त्रण र ब्यबस्थापन गर्नको निमित्त यस कैलारी गाउपालिकामा ५ बेडको अस्थायी कोभिड अस्पताल संचालनार्थ नेपाल सरकारबाट प्राप्त १० लाख रुपैया समेत कूल आम्दानी रु.२८५७७६८।६८ मध्ये रु.२४७३७८२।०० अर्थात् करिब ८६ दशमलब ५६ प्रतिशत रकम खर्च भई रु.३८३९८६।६८ मौज्दात बाकी रहेको छ । पालिकाले वडा नं ५ मा रहेको सर्बोदय प्राथमिक बिद्यालयमा कोरोना बिशेष अस्थायी अस्पताल खडा गरी यस क्षेत्रका कोरोना प्रभाबित ब्यक्तिहरुलाई सेबा उपलब्ध गराउदै आईरहेको छ । उक्त अस्पतालमा खटिएका स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरुको पारीश्रमिक भत्ता औषधि तथा अन्य खर्चमा उपरोक्तानुसारको रकम बजेट खर्च गरेकोमा उक्त खर्चको करिब २० प्रतिशत रकम अर्थात् रु.५१००००।०० गाडीभाडामा मात्र खर्च भएको छ । प्रकोप ब्यबस्थापन कोषका अतिरिक्त अन्य बजेट शिर्षकहरुबाट समेत औषधिजन्य र अन्य सामाग्रीहरुमा खर्च भएको हुदा कोरोना सम्बन्धि खर्चको यथार्थ बिबरण पालिकाबाट प्राप्त नभएकोले यत्ति नै खर्च भएको छ भन्न सक्ने स्थिति रहेन । अत कार्यालयले कोरोना जस्तो बिशेष कार्यमा भएको बास्तबिक आम्दानी र खर्चको एकीकृत बिबरण बनाई यस्तो अस्पतालबाट भएको सेबा प्रबाहको यथार्थ बिबरण तयार गर्ने प्रगति प्रतिबेदन बनाउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>अनुदान फिर्ता-<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.९४८३१९७।- संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.१०७६९८०।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>सेवा प्रवाह-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐनकानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२४६६</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३७०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२५३</td></tr>
<tr><td>विवाह दर्ता</td><td>८३९</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>५</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>पेश नभएको</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td></td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **दरवन्दी तथा पदपूर्ति**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११० दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका २ सहित १२ पद रिक्त रहेको छ । दरवन्दी संरचनामा रहेक नरहेका समेत गरी ५४ जना कर्मचारीहरु करारबाट पूर्ति गरिएको छ । गाउँपालिकामा दरवन्दीबाहेकका जनशक्तिसमेत कार्यरत रहेको देखिएकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी प्रतिवेदन अनुसार दरवन्दी मिलान गर्नुपर्ने देखिएको छ । | |
| १९ | | | **योजना छनोट**-<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको योजनामध्ये ५ लाखभन्दा घटीका योजना २५६, ५लाखदेखि १० लाखसम्म १६ योजना तथा १० लाखभन्दा बढीका ४१ योजना रहेका छन् । अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । **डाटा पेश हुन बाँकी** | |
| २० | | | **बजेट पेश तथा स्वीकृति**-<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले मिति २०७७।३।१० गते रु. ५२ करोड ४९ लाख ४० हजारको बजेट सभासमक्ष पेश गरेकोमा २०७७।३।१२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने २०७७।४।५ मा अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| २१ | | | **रकमान्तर**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पटके निर्णयबाट ११२ कार्यक्रमबाट रु.१७ करोड ७२ लाख ३९ हजार घटाई विभिन्न ३६४ योजना तथा कार्यक्रममा रु. २१ करोड ७५ लाख १४ हजार बढाई अर्थात बजेटको ४१.४४ प्रतिशत रकमान्तर भएको छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वियनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| २२ | | | **गाउँ प्रोफाइल**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गाउँपालिकाले गाउँ प्रोफाइल तयार गरेको छ। गाउँपालिकाले बजेट तर्जुमादेखी योजनाहरु सञ्चालन गर्दा गाउँ प्रोफाइललाई आधार मानी तर्जुमा गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा समितिले ऐनको व्यवस्थाअनुसार उपलब्ध गराएको छैन । समितिले ऐनको व्यवस्थाअनुसार कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| २४ | | | **बजेट तथा कार्यक्रम तर्जुमा समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । सो व्यवस्था अनुसार गाउँपालिकाले समिति गठन गरेको छ। समितिलेआगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५ | | | **विद्यालय अनुदान-** | |
| २५.१ | | | कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालयलाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई गाउँपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट ५० वटा विद्यालयलाई गएको कोभिड १९ सिकाई सहजिकरणमा स्वास्थ्य सामाग्रि व्यवस्थापन अनुदान रु.१६१०२००। रकम निकासा दिएकोमा हालसम्म निकासा भएको रकमको सहि सदुपयोग भए नभएको गाउँपालिकाले प्रमाण पेश गरेको छैन । अतः गाउँपालिकाले अनुदानको वितरण भए नभएको एकिन हुने प्रमाण पेश हुनुपर्ने रु. | १,६१०,२०० |
| २५.२ | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७/७८ को क्रियाकलाप नं.११.१.२.१ अनुसार विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान विद्यालय भवन निर्माण अनुदान (फर्निचर सहित) को लागि रु.३६ लाख दिने व्यवस्था छ । गाउँपालिकाले कालिमाई आधारभूत विद्यालयमा ४ कोठे भवन निर्माणमा रु.७४८६९९५।०२ (मूल्य अभिबृद्धि कर सहित) लागत अनुमान तयार गरेकोमा बोलपत्र आव्हान गरी सवैभन्दा घटिवाला ब्राइटन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग रु.४६८९८२४.४३ मा सम्झौता गरी रु.३६ लाख केन्द्रिय अनुदानबाट र बाँकी पालिकाले आन्तरिक समपुरक कोषबाट व्यहोर्ने गरी निर्णय गरेकोमा यो बर्ष विभिन्न भौचरबाट रु.४४४२१५०। भुक्तानी भएको सवै रकम संघिय अनुदानबाट भुक्तानी दिएकोले संघिय अनुदानबाट दिने भनिएको रकम भन्दा बढी भुक्तानी दिएको रु.८४२१५०। संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु. | ८४२,१५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.३ | | | गाउँपालिकाको बार्षिक कार्यक्रम अन्तरगत देहायका गाउँस्तरिय नमुना विद्यालयलाई शिक्षा समितिको निर्णयबाट ११ विद्यालयलाई रु ३० लाख निकासा दिएको देखियो । पालिकाले दिएको अनुदान कुन शीर्षकमा खर्च गर्ने भन्ने कुनै कार्यविधि नतोकेको र अनुदान पाउने विद्यालयहरुले पनि प्रस्तावना पेश नगरी विद्यालयको आवश्यकता अनुसार खर्च गर्ने गरी निकासा दिएको छ । विना कार्यविधि तथा प्रस्तावित कार्यक्रम वेगर निकासा भएकोमा पालिकाले कार्यविधि तथा मापदण्ड तयार गरी खर्च गर्नुपर्ने र निकासा भएको रकमको खर्च सुनिश्चितता हुने गरी खर्च भए नभएको कार्यालयबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| २५.४ | | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदानमा ५० विद्यालयलाई बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा रु.६७१७४६५। खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि तयार नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी खर्च लेखेको देखियो ।पालिकाले विगत बर्ष देखि अनुदान दिदै आएको भनि कार्यविधि वेगर पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २५.५ | | | कार्यक्रम कार्यान्वियन निर्देशिका २०७७।७८ अनुसार विद्यालयलाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई गाउँपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा ५० विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन । नियममा भएको व्यवस्थाको पालनामा गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| २६ | | | **शैक्षिक गुणस्तर-**<br>सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनोट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि गाउँपालिकाको ध्यान जानु पर्दछ । | |
| २७ | | | **खरिद व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.१ | | | **क) कार्य स्वीकार प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>**ख) म्याद थप**-<br>सम्झौता कार्यान्वयन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहर्‍याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| २७.२ | | | **क) गुणस्तर परीक्षण**-सार्वजनिक खरिद नियमावली**,** २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अतः गुणस्तर परिक्षण बेगरको निर्माणकार्य गुणस्तरीय छ भन्न सक्ने अवस्था रहेन। अतः नियमानुसार नर्माण सामाग्रीको गुणस्तर परिक्षण गराउनु पर्दछ ।<br>**ख) वीमा** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो अनुसार सबै ठेक्कामा बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.३ | | | **क) समयावधि र कार्यतालिका** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि अधिकाश ठेक्कामा कार्य सम्पन्न गर्नुपर्ने समय तालिका पेश गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा नियमावलीमा व्यवस्था भए अनुरुप कार्य सम्पन्न गर्न लाग्ने समयावधी उल्लेख गर्ने र सोहि अनुसार कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्याँङ्कन गरी सम्झौताको शुरुमा तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।<br><br>**ख)सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमका कार्यहरु निरन्तर सन्चालन गरी सार्बजनिक जिम्मेबारी प्रबर्धनलाई बढावा दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**पेश्की व्यवस्थापन-**

**क)** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।

**ख)पेश्की फछ्र्यौटः**

पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु.६८३८१०४।– तथा म्याद नाघेको पेश्की रु.८१५०००।- फर्छयौट गर्नु गराउनु पर्ने देखिएको छ ।

| सि.नं. | शीर्षक | पान नं. | रकम |
|---|---|---|---|
| | म्याद ननाघेको पेश्की | | |
| १ | महादेव खिम्ती । अन्जना । खड्का जे.भी. | ६१३२६४३१८ | ३५७३१०४ |
| २ | विभोर निर्माण सेवा | ६०९४४१९१२ | २१४०००० |
| ३ | मालिका इन्कर्पोरेट प्रा.लि. | ६०६७८६०४१ | ११२५००० |
| | जम्मा | | ६८३८१०४ |
| | म्याद नाघेको पेश्की | | |
| ४ | दिपक बहादुर खड्का | | ८००००० |
| ५ | नेपाल दलित मुक्ति अभियान | | १५००० |
| जम्मा | | ० | ८१५००० |

</td><td>८१५,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**राजश्व निरीक्षण-**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्था यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व यथार्थरुपमा कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **कोठा भाडा-** | |
| ३०.१ | | | यस कार्यालयले निम्न अनुसारको स्थानका लागि सार्वजनिक बढावढको माध्यमबाट कोठा भाडा लगाएको बिबरण प्राप्त भएको छ । | |

| सि.नं. | ठेकेदारको नाम | तालको नाम | सम्झौता लागू समिति | कुल कबोल अंक | ०७७/७८ सम्ममा बुझाएको रकम | ०७७/७८ सम्मको बुझाउन बाँकी | अशुल गर्नु पर्ने कर (६+७)*१०/१०० | कुल अशुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ७+८=९ |
| १ | रोशन चौधरी कैलारी -२ | गापा हाताभित्र कोठा नं. २ | 2074/07/01 देखि 078 अषाढ | मासिक रु. 3000 | 18,000.00 | 117,000.00 | 13500 | 130,500.00 |
| २ | प्रभुराम चौधरी घोडाघोडी नपा-१० | गापा हाताभित्र कोठा नं. १ | 2074/07/01 देखि 077/06/12 | मासिक रु. 3000 | 18,000.00 | 88,200.00 | 10620 | 98,820.00 |
| ३ | अनिता चौधरी कैलारी-२ | गापा हाताभित्र कोठा नं. ३ | 2074/07/01 देखि 078 अषाढ | मासिक रु. 3000 | 18,000.00 | 117,000.00 | 13500 | 130,500.00 |
| ४ | सुरेश बहादुर कपडेल कैलारी -१ | साझा हाता भित्र कोठा नं. १ | 2074/07/01 देखि 078 अषाढ | मासिक रु. 3000 | 72,000.00 | 63,000.00 | 13500 | 76,500.00 |
| ५ | निम्न प्रसाद चौधरी कैलारी -३ | साझा हाता भित्र कोठा नं. २ | 2074/07/01 देखि 078 अषाढ | मासिक रु. 3000 | 117,000.00 | 18,000.00 | 13500 | 31,500.00 |
| ६ | लाल्ता प्रसाद चौधरी कैलारी -३ | साझा हाता भित्र कोठा नं. ३ | 2074/07/01 देखि 078 अषाढ | मासिक रु. 3000 | 72,000.00 | 63,000.00 | 13500 | 76,500.00 |
| | जम्मा | | | | 315,000.00 | 466,200.00 | 78120 | 544,320 |

उक्त भाडा सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.२ | | | तालिकामा उल्लेखित व्यक्तिहरुले २०७७।७८ सम्मको रकम रु.४,६६,२००। अशुल गर्न बाँकी रहेको छ। रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२. बमोजिम बार्षिक बुझाउनु पर्ने रकम तीन किश्तामा बुझाउनु पर्ने, समयमा नबुझाए बार्षिक १० प्रतिशतका दरले सुद समेत गणना गरी अशुल गर्नुपर्ने रु. ४,६६,२००। र सो रकममा लग्ने घर बहाल कर रु. ७८,१२०। समेत अशुल हुनु पर्दछ । | ५४४,३२० |
| ३०.३ | | | रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १४. बमोजिम बुझाउनु पर्ने जम्मा ठेक रुपैँयाको चार खण्डको एक खण्ड बराबर डिपोजिट लिएर ठेक्का बन्दोबस्त गर्नुपर्ने उल्लेख छ माथि तालिकामा उल्लेखित कुनै पनि कामका लागि डिपोजिट लिएको पाइएन । ऐनले तोकेको प्रकृया पुरा नगरी ठेक्का बन्दोबस्त गर्नु मनासिब देखिएन । यसमा सुधार हुनु पर्दछ । | |
| ३१ | | | **अन्य विभिन्न आय ठेक्काहरु-** | |
| ३१.१ | | | यस पालिकाले कोठा भाडामा दिने बाहेक अन्य आय आर्जन प्रयोजनका लागि निम्न अनुसार ठेक्का लगाई निम्न अनुसारको रकम अशुल गर्न बाँकी रहेको छ । | |

| सि.नं. | व्यबसायीको नाम | तालको नाम | सम्झौता लागू समिति | सम्झौता अवधि | कुल कबोल अंक | ०७७/७८ सम्ममा बुझाएको रकम | ०७७/७८ सम्मको बुझाउन बाँकी | गत बर्ष कायम वेरुजु रु. | असुल गर्न बाँकी रकम रु. | अशुल गर्नु पर्ने मु अ कर | कुल अशुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | ८-९=१० | (७+८)* १३/१००=११ | १०+११= १२ |
| १ | जया देवी चौधरी कैलारी-८ | दुबरी ताल कैलारी -८ | 1/28/2074 | 3 | 1,983,500.00 | 1,180,500.00 | 803,000.00 | 803,000.00 | 0 | 257855 | 257855 |
| २ | मनोज कुमार महतो धनगढी-१५ | लड्डुहुवा ताल कैलारी-१ | 12/18/2074 | 5 | 9,000,000.00 | 3,600,000.00 | 3,600,000.00 | 1,800,000.00 | 1,800,000.00 | 936000 | 2736000 |
| ३ | विश्व प्रकाश पौडेल गोदावरी-१ | भट्टी ताल कैलारी -२ | 12/21/2074 | 5 | 81,000.00 | 16,200.00 | 48,600.00 | 32,400.00 | 16,200.00 | 8424 | 24624 |
| ४ | विश्व प्रकाश | मसुरिया | 12/21/2074 | 5 | 1,500,000.00 | 300,000.00 | 900,000.00 | 600,000.00 | 300,000.00 | 156000 | 456000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पौडेल गोदावरी-१<br>वराह एग्रो इन्डष्ट्रिज | ताल कैलारी -६ | | | | | | | | | | |
| | | | ५ | सुर्य नारायण महतो थारु गौरीगंगा नपा-७ | परसुवा ताल कैलारी -७ | 12/19/2074 | 5 | 256,999.00 | 51,400.00 | 154,200.00 | 102,800.00 | 51,400.00 | 26728 | 78128 | |
| | | | ६ | यम चौधरी कैलारी-९ | कोइलही ताल क कैलारी -९ | 12/21/2074 | 5 | 1,111,111.00 | 222,222.00 | 666,666.00 | 444,444.00 | 222,222.00 | 115555.44 | 337777.44 | |
| | | | ७ | धन बहादुर राना कैलारी -९ | कोइलही ताल ख कैलारी -९ | 12/21/2074 | 5 | 615,000.00 | 123,000.00 | 369,000.00 | 246,000.00 | 123,000.00 | 63960 | 186960 | |
| | | | ८ | विश्व प्रकाश पौडेल गोदावरी-१<br>वराह एग्रो इन्डष्ट्रिज | कुइलहुवा ताल कैलारी- ९ | 12/21/2074 | 5 | 750,000.00 | 150,000.00 | 450,000.00 | 300,000.00 | 150,000.00 | 78000 | 228000 | |
| | | | ९ | गगन कुमार महतो कैलारी -५ | पश्चिम रखौनी ताल कैलारी -५ | 2/24/2075 | 5 | 1,830,000.00 | 732,000.00 | 366,000.00 | 0 | 366,000.00 | 142740 | 508740 | |
| | | | १० | प्रविन कुमार चौधरी | उत्तर रखौनी ताल | 2/24/2075 | 5 | 1,521,000.00 | 304,200.00 | 608,400.00 | 304,200.00 | 304,200.00 | 118638 | 422838 | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कैलारी -५ | कैलारी -५ | | | | | | | | | | |
| | | | ११ | उमेश सिंह थारु बैजनाथ -८ बाँके | भगन पुरान ताल कैलारी -५ | 2/24/2075 | 5 | 1,700,000.00 | 340,000.00 | 680,000.00 | 340,000.00 | 340,000.00 | 132600 | 472600 | |
| | | | १२ | आनन्न कुमार थापा-बाँसगढी-३ बर्दिया | दक्षिण रखौनी ताल कैलारी -५ | 2/28/2075 | 5 | 1,200,101.00 | 240,020.00 | 480,040.00 | 240,020.00 | 240,020.00 | 93607.8 | 333627.8 | |
| | | | १३ | महाविर चौधरी कैलारी -७ | सुइटी ताल पुर्व र पश्चिम कैलारी -७ | 3/15/2075 | 5 | 150,000.00 | 90,000.00 | 0 | 0 | 0 | 11700 | 11700 | |
| | | | १४ | जालजुराम चौधरी कैलारी -७ | सौनिया ताल कैलारी -७ | 2/24/2075 | 5 | 505,551.00 | 101,110.00 | 202,220.00 | 101,110.00 | 101,110.00 | 39432.9 | 140542.9 | |
| | | | १५ | भूमिराज विल्डर्स प्रा.लि. धनगढी -४ | कमल पोखरी ताल कैलारी -३ | 4/1/2075 | 12 | 23,033,485.10 | 1,530,000.00 | 3,570,000.00 | 3,400,000.00 | 170,000.00 | 663000 | 833000 | |
| | | | १६ | भूमिराज विल्डर्स प्रा.लि. धनगढी -४ | नदीजन्य पदार्थ उत्खनन | 2075/76का लागि भएकोमा पुन ३ बर्ष म्याद थप | 1 | 915,000.00 | 315,000.00 | 600,000.00 | 305,500.00 | 294,500.00 | 118950 | 413450 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | कृष्ण गिरी मैनपोखरी-४ बर्दिया | ठूलो कोइलही ताल कैलारी -९ | 077/78-078/79 | 2 | 5,600,000.00 | 0 | 2,800,000.00 | 0 | 2,800,000.00 | 364000 | 3164000 | | |
| | | | | १८ | यम चौधरी कैलारी-९ | सामरलोटना ताल कैलारी -९ | 6/8/2075 | 5 | 600,000.00 | 120,000.00 | 240,000.00 | 120,000.00 | 120,000.00 | 46800 | 166800 | | |
| | | | | १९ | पतिराम चौधरी कैलारी -७ | लम्की ताल कैलारी -७ | 6/26/2075 | 5 | 150,000.00 | 60,000.00 | 30,000.00 | 30,000.00 | 0 | 11700 | 11700 | | |
| | | | | २० | किस्मत चौधरी कैलारी -२ | खोनपुर राजघाट कैलारी -३ | 3/25/2076 | 3 | 1,050,000.00 | 200,000.00 | 500,000.00 | 150,000.00 | 350,000.00 | 91000 | 441000 | | |
| | | | | २१ | दिपेन्द्र कुमार चौधरी कैलारी-५ | भितरिया घाट कैलारी -४ | 2076/.3/25 | 3 | 150,000.00 | 50,000.00 | 50,000.00 | 0 | 50,000.00 | 13000 | 63000 | | |
| | | | | २२ | गोपी किसन चौधरी कैलारी -३ | निमुवाबोझी घाट कैलारी -३ | 3/25/2076 | 3 | 345,000.00 | 70,000.00 | 160,000.00 | 45,000.00 | 115,000.00 | 29900 | 144900 | | |
| | | | | २३ | छोटेलाल चौधरी कैलारी -३ | चमरैया र मटैया ताल कैलारी -२ | 3/25/2076 | 5 | 325,000.00 | 65,000.00 | 65,000.00 | 0 | 65,000.00 | 16900 | 81900 | | |
| | | | | २४ | राजाराम चौधरी | बडकी पलिया | 3/27/2076 | 3 | 24,000.00 | 16,000.00 | 0 | 0 | 0 | 2080 | 2080 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कैलारी -५ | छुटकी भगहर ताल कैलारी-५ | | | | | | | | | | |
| | | | २५ | राम औतार चौधरी कैलारी -२ | गुर्गी ताल कैलारी -२ | 3/15/2076 | 5 | 325,000.00 | 130,000.00 | 0 | 0 | 0 | 16900 | 16900 | |
| | | | २६ | छेदुराम चौधरी कैलारी -५ | गोबरैला घाट कैलारी -५ | 3/19/2076 | 3 | 150,000.00 | 50,000.00 | 50,000.00 | 0 | 50,000.00 | 13000 | 63000 | |
| | | | २७ | पुर्ण बहादुर पुन मगर गौरीगंगा नपा-९ | अमलिवा ताल कैलारी -२ | 4/8/2076 | 5 | 475,000.00 | 190,000.00 | 0 | 0 | 0 | 24700 | 24700 | |
| | | | २८ | कलेसराम चौधरी कैलारी -१ | जमनेहता ताल कालरी -१ | 4/1/2077 | 3 | 621,000.00 | 100 | 107,000.00 | 0 | 107,000.00 | 13923 | 120923 | |
| | | | २९ | शिवराज शर्मा तिमिल्सेना<br>सहारा कृषि उपभोक्ता स.सं. लि. कैलारी-१ | कृषि उत्पादन संकलन केन्द्र कैलारी -१ | 7/17/2077 | 2 | मासिक रु. 5000 | 0 | 42,167.00 | 0 | 42,167.00 | 5481.71 | 47648.71 | |
| | | | ३० | महेश सापकोटा | कोइलही ताल परिसर | 2076/77 | 5 | बार्षिक रु. 175000 | 175,000.00 | 175,000.00 | 0 | 175,000.00 | 45500 | 220500 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दुर्गा कन्स्ट्रक्सन गौरी गंगा नपा-८ | बनभोज कैलारी-९ | | | | | | | | | | |
| | | | | कुल जम्मा | | | | | 10,421,752.00 | 17,717,293.00 | 9,364,474.00 | 8,352,819.00 | ######### | 12010895 | |
| | | | उक्त आय ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | | | | | | | | | | | | |
| ३१.२ | | | रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ४ बमोजिम नेपाल सरकारले कुनै रकम वा कुनै अन्य कामको ठेक्का बन्दोबस्त गर्नु परेमा टेण्डर आमन्त्रित गरी वा बढाबढ वा घटाघट गराई बन्दोबस्त गर्नुपर्ने उल्लेख छ तर तालिकामा उल्लेखित क्र सं १७ देखि ३० सम्मका ठेक्का बन्दोबस्त टेण्डर आमन्त्रित गरी वा बढाबढ नगराई सोझै दिएको पाइयो ।क्र सं १६ को ठेक्का पहिलो एक आ ब (२०७५।७६) को लागि टेण्डर आमन्त्रित गरी ठेक्का बन्दोबस्त गरेको भए पनि त्यस पछाडि बिना टेण्डर पुरानै व्यबसायी भूमिराज विल्डर्स प्रा.लि. लाई नै नदीजन्य पदार्थ उत्खनन गरी बिक्री बितरण गर्न पाउने गरी ठेक्का सम्झौता गरेको देखियो । | | | | | | | | | | | |
| ३१.३ | | | **क)** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा ११. बमोजिम आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक देखिएमा बाहेक कुनै रकमको ठेक्का बन्दोबस्त गर्दा तीन वर्षको अवधिको लागि गरिने उल्लेख भए पनि तालिकामा उल्लेखित १० वटा बाहेक अन्य आय ठेक्का तीन बर्षभन्दा बढी अबधिका लागि गरेको पाइयो ।तीन बर्षभन्दा बढीको ठेक्का बन्दोबस्त गर्नु पर्ने भए आर्थिक लाभ वा सार्वजनिक हितको दृष्टिकोणबाट आवश्यक भएर गरेको हुनु पर्नेमा सो अनुसार गरेको भन्ने आधार खुलाएको छैन ।<br>**ख)** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १४. बमोजिम बुझाउनु पर्ने जम्मा ठेक रुपैँयाको चार खण्डको एक खण्ड बराबर डिपोजिट लिएर ठेक्का बन्दोबस्त गर्नुपर्ने उल्लेख छ । माथि तालिकामा उल्लेखित क्र सं १५ मा उल्लेखित भूमिराज विल्डर्स प्रा.लि लाई कमल पोखरी ताल ठेक्का व्यबस्थापन गर्ने कार्यका लागि पछिल्लो पटक सन २०२२ जुलाई १६ सम्म बहाल रहने रु.१७,००,०००। को बैक ग्यारेन्टी लिने बाहेक अन्यबाट बैक ग्यारेन्टी लिएको देखिएन । बैक ग्यारेन्टी लिएकोमा पनि ऐन अनुसार लिनुपर्ने रकमभन्दा घटी लिएको देखिन्छ । उक्त व्यबसायीबाट २०७७।७८ सम्मको रु.३५,७०,०००। अशुल नहुँदा पनि बैक ग्यारेन्टी रकमबाट अशुल गर्न बैकलाई कुनै पत्राचार नै नगर्नु बैक ग्यारेन्टी लिनुको प्रयोजन अनुसार काम भएको भन्ने अबस्था रहेन । | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.४ | | | **क)** रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा १२. बमोजिम बार्षिक बुझाउनु पर्ने रकम तीन किश्तामा अग्रिम रुपमा बुझाउनु पर्ने, समयमा नबुझाए बार्षिक १० प्रतिशतका दरले सुद लिनु पर्ने व्यबस्था रहेको छ ।तर पालिकाले सो व्यहोरा पालना नहुने गरी ठेक्का बन्दोबस्त गरेका ३० व्यबसायीबाट रु. ८३,५२,८१९। अशुल गर्न बाँकी रहन गएको देखियो । प्रचलित कानुन अनुसार लिन बाँकी रकम अग्रिम रुपमा नै लिने व्यबस्था हुनु पर्दछ ।<br>**ख)** उल्लेखित व्यहोराका आधारमा पालिकाले ठेक्का बन्दोबस्त गरे पनि प्रतिस्पर्धा सीमित हुने गरी ठेक्का बन्दोबस्त गर्नु, जमानत रकम माग नगर्नु, अशुलीका लागि यथोचित प्रयाश नगर्नु, बुझाउनु पर्ने रकम नबुझाए पनि ठेक्का अन्त्य गर्न तिर नलाग्नु तथा ऐन अनुसार तोकेको किस्ता नबुझाएको अबस्थामा समेत ठेक्का सम्झौता नबिकरण समेत गर्दै जानुले उल्लेखित सबै ठेक्कापट्टाका कार्य नियमित र पालिकाकै लाभका लागि गरिएका हुन भनि बिश्वास गर्न आधार देखिदैन । यसमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ ।<br>**ग)** क्र सं १६ उल्लेखित भूमिराज विल्डर्स प्रा.लि. लाई नदीजन्य पदार्थ उत्खनन गर्न २०७५।७६ का ठेक्का सम्झौता गरेकोमा सो अबधि समाप्ति पछि कारण उल्लेख नगरी तीन बर्ष अबधि थप गरेको छ । म्याद थप गर्दा बुझाउनु पर्ने रकम नबुझाएको र तोकिए अनुसार डिपोजिट समेत नलिई ठेक्का सम्झौता गर्नु मनासिब नदेखिएकोले यस्तो प्रकृयाले सम्झौता गर्नेलाई कानुन बमोजिम जिम्मेवार बनाउनु पर्दछ । उक्त प्रा लि ले के कति परीमाण उठाउन पाउने हो सम्झौता परीक्षण गर्दा खुलाएको छैन ।त्यस्तै प्रा लि ले के कति परिमाणमा उठाएको छ कुनै अनुगमन मुल्याँकन हुने गरेको पाइएन । | |
| ३१.५ | | | क्र सं १५ मा उल्लेखित भूमिराज विल्डर्स प्रा.लि. सँग कैलारी -३ मा रहेको कमल पोखरी तालको संरक्षण तथा सम्बर्दन गरी व्यबसायीक कृयाकलाप गर्ने भनि २०७५।४।१ देखि २०८७ असारसम्मका लागि ठेक्का सम्झौता गरेको छ । यसै सम्बन्धमा दोस्रो नगरसमाले उक्त व्यबसायीसँग सार्वजनिक निजी साझेदारीमा अर्न्तगत पहिलो पाँच बर्षसम्म प्रत्येक बर्ष रु.१७,००,०००। बुझाउने र रु.६२,६०,०००। को खर्चमा पूर्बाधार र अन्य मर्मत सम्भारका काम गर्ने उल्लेख भए पनि पूर्बाधार र अन्य मर्मत सम्भारका काममा के काम गर्नु पर्ने हो र हालसम्म के कस्ता काम भए कुनै अनुगमन मुल्याँङ्कन भएको देखिदैन । त्यस्तै व्यबसायीक कृयाकलापमा के कस्ता काम गर्ने हो सो समेत स्पष्ट छैन । स्पष्ट योजना बेगर संरक्षण तथा सम्बर्दनका नाममा व्यबसायीक कृयाकलाप संचालन गर्न दिनु र सम्झौता अनुसारको रकम दाखिला नगरेको अबस्थामा बैक जमानतबाट रकम अशुलीका लागि कुनै कारबाही नहुनुले संरक्षण तथा सम्बर्दन गरी व्यबसायीक कृयाकलाप संचालन गर्ने भनिएको कार्य नियमित र पालिकाको हितमा भएको भनि बिश्वस्त हुने अबस्था रहेन । | |
| ३१.६ | | | मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले मुल्य अभिबृद्धि कर उठाउन नहुने उल्लेख छ । तर स्थानीय निकाय वा नेपाल सरकारले मुल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यबस्था गरेको छ । यस्ता निकाय मु अ कर दर्ता हुनु नपर्ने हुँदा यि निकायहरुले अशुल गरेको मु अ कर बेदर्तावालाबाट संकलन गरीने राजश्व शीर्षक नं ३३११७ मा दाखिला गर्नु पर्ने थप कानुनी व्यबस्था रहेको छ । माथी तालिकामा उल्लेखित ३० व्यबसायीसँगको सम्झौता अनुसार केही रकम अशुल भएको र केही रकम अशुल हुन बाँकी रहेको देखिन्छ । तर कुनै पनि व्यबसायीको ठेक रकममा लाग्ने मु अ कर अशुल गरी दाखिला गरेको नदेखिएकोले सम्झौता अनुसारको रकममा लाग्ने मु अ कर का अतिरिक्त पालिकाबाट प्रमाणित गरिदिएका रसिदबाट थप के कति मु अ कर अशुल गरेका छन एकिन गरी अशुल गरेको मु अ कर समयमा दाखिला नगरे बापत मु अ कर ऐन,२०५२ अनुसार लाग्ने थप दस्तुर, व्याज र जरिवाना अशुल गरेको प्रमाण सहित सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट प्रमाणित पत्रसमेत पेश हुनु पर्ने देखिएको रकम रु.३६,५८,०७५।८५ र किस्ता बापत ३० व्यबसायीबाट अशुल गर्न बाँकी रहेको रु. ८३,५२,८१९।मा सुद समेत गणना गरी अशुल गर्नुपर्ने रकम समेत कुल रु.१,२०,१०,८९४।८५ अशुल हुनु पर्दछ । | १२,०१०,८९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **पार्क निर्माण-**<br>पार्क निर्माण - लागत अनुमान रु.२४९२०५१७।५८ भई बोलपत्रको माध्यमबाट रु.१,७८,९८,१०१।४१मा २०७९।११।२५ सम्ममा काम सम्पन्न गरी सक्ने गरी निर्माण व्यबसायी महादेब खिम्ती/अन्जना/ खडका जे भी सँग २०७८।२।४मा Construction of Mini Park in Dudhiya Gaun at Kailari Rural Municipality का लागि ठेक्का सम्झौता( KRM/NCB/W/077-78/13 )भएको देखिन्छ । उक्त ठेक्का सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:<br>**क)** उक्त कामका लागि संघीय सरकारको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ७० प्रतिशत र यस पालिकाले ३० प्रतिशत लागत व्यहोर्ने गरी काम शुरु भएको देखिन्छ । उक्त मंत्रालयको अख्तियारी तथा कार्यक्रम अनुसार निर्माण कार्य २०७९ फागुनमसान्तमा सम्पन्न गरी त्यसको एक महिनाभित्र अनिवार्यरुपमा भुक्तानीका लागि माग गर्नु पर्ने उल्लेख छ । निर्माण व्यबसायी रु.३५,७३,१०४। भुक्तानी लगि सकेको भए पनि लेखापरीक्षण समय २०७८ माघ २० सम्ममा करिब ४० प्रतिशत समय सकिदा काम शुरु भएको भने पनि कुनै भुक्तानी माग गरेको नदेखिएकोले बिभिन्न समस्या देखाएर म्याद थप माग थप गर्नु पर्ने अबस्था आउने भई कार्यक्रम अनुसार भुक्तानी दिन समस्या आउन सक्ने भएकोले काम सम्पन्न गर्न पालिका बाट बिषेश पहल हुनु पर्दछ ।<br>**ख)** ठेक्का सम्झौता अनुसार निर्माण व्यबसायीले काम शुरु गर्नु अगाबै कामदार तथा कामको त्रुटी सुधार गर्ने अबधिसम्म बहाल रहने गरि बीमा गरि प्रमाण पेश गर्नु पर्नेमा सो अनुसार बिमा गरेको प्रमाण पेश गरेको छैन । त्यस्तै निर्माण कार्यको कुल समय अनुसार कार्य तालिका पेश गर्नु पर्नेमा लेखापरीक्षण समयसम्म पेश गरेको छैन । यस्तो अबस्थामा तोकिए अनुसारको समयमा काम भए नभएको अनुगमन मुल्याँकन गर्दै समयमै काम सम्पन्न गर्न कठिनाई हुने भएकोले यसमा सुधार गर्नु पर्दछ । | |
| ३३ | | | **बिल भरपाई-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(४) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने, नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट काम सम्पन्न गरेको भनि पेश गरेका बिल भर्पाई उक्त नियमको प्रकृया पुरा गरेको भन्ने आधारमा भुक्तानी दिइको जनाए पनि केही उपभोक्ता समितिले सम्झौता हुनु अगावैका तथा निर्माण कार्यमा नै उपयोग भएका हुन भनि एकिन गर्न नसकिने ईन्धन तथा अन्य सामाग्री खरिदका बिल भर्पाई प्रमाणित नगरी तथा निर्माण क्रम र निर्माण सम्पन्न भएको देखिने फोटोहरु पेश नगरेको अबस्थामा पनि सबै प्रकृया पुरा भए सरहको मानि भुक्तानी दिएको छ । सबै कार्यको यथेष्ट प्रमाण लिएरमात्र भुक्तानी दिने व्यबस्था हुनु पर्दछ । | |
| ३४ | | | **भेरिएसन-**<br>सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीले भेरियशन गर्नसक्ने व्यवस्था छ । यसैगरी सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु भइसकेपछि प्राविधिक कारणबाट त्यस्तो कार्यको परिमाणमा थप गर्न वा नयाँ आइटम थप्न आवश्यक देखिएमा प्राविधिक पुष्ट्याई सहित तोकिएको अधिकारीले भेरिएशन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सडकपुर लोहारपुर सडक कालोपत्रे गर्ने कार्यका लागि लागत अनुमान रु.२,११,७७,३१९।२०( पी एस समेत मु अ कर बाहेक) भइ बोलपत्रको माध्यमबाट रु.१,२९,९९,६०६।०५( मु अ कर समेत) मा सम्झौताको एक बर्षमा काम सम्पन्न गर्ने गरी निर्माण व्यबसायी जोशी अमृत जे भी सँग २०७७।१।२९ मा ठेक्का सम्झौता भएको दखिन्छ । ठेक्का सम्झौता भई काम शुरु भइसके पछि पानीका कारणले हुने क्षति कम गर्न बेस कोर्सको काम ८४३.७० घन मिटर बाट १७५१.४७ घनमिटर परिमाण पुग्ने गरी रु.१८,१५,५३५। को भेरियसन आदेश२०७७।७।२६मा जारी भएकोमा आदेश जारी भएको करिब एक महिना अर्थात २०७७।८।२८ मा व्यबसायीले काम सम्पन्न भएको भनि निबेदन र कर बिजक पेश गरी कुल रु.१,४९,३८,३५८।५० भुक्तानी दिएर काम सम्पन्न भएको उल्लेख छ । ऐनले तोके अनुसार पूर्वानुमान गर्न नसकिने परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भई उक्त भेरियसन जारी गर्नु परेको भन्ने अबस्था देखिदैन । यस्तो प्रकृयाबाट भेरियसन गर्ने कार्यमा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **स्यानीटरी प्याड-**<br>सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरणका लागि २०७६।७७ मा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेकोमध्ये ४१६५७ थान प्रति थान रु. ४७।४६ (मु अ कर सहित) दरले कुल रु.१९,७७,०४१।मा खरिद गरेकोमा लेखापरीक्षण समय २०७८ माघ २० सम्म मौज्दात नै रहेको स्थिति जिन्सी खाता परीक्षण गर्दा देखिन्छ ।<br>स्यानीटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने उल्लेख छ । यसका साथै स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनु पर्नेमा नपठाई गत बर्ष खरिद गरेका स्यानीटरी प्याड लेखापरीक्षण समयसम्म मौज्दात नै राख्नु मनासिब देखिएन । स्यानीटरी प्याड खरिद गरी बितरण गर्न यो आर्थिक बर्षमा पनि बजेट तथा कार्यक्रम रहेकोमा उक्त कार्यक्रमबाट रु.११,१५,०००। मुल्यका भेन्डिङ्ग मेसिन खरिद गरेको जानकारी हुन आयो । समयमै बितरण गर्नुपर्ने प्याड बितरण नगर्ने तर सो को बितरण कार्यलाई सहजिकरण गर्ने मेसिन खरिद गर्नु मनासिब देखिदैन ।जुन आर्थिक बर्षलाई तोकेर कार्यक्रम र बजेट आएको छ सोही आ ब मा कार्यक्रम कार्यविधि,२०७६ ले तोकेको प्रकृया पुरा गरी सम्पन्न गर्ने व्यबस्था हुनु पर्दछ । | |
| ३६ | | | **बिल भरपाई नलिएको-**<br>यस पालिकाले सम्झौता गरेका केही ठेक्कामा बीमा अन्य केही कामका लागि पी एस आइटमबाट भुक्तानी दिने गरी सम्झौता गरेको छ । पी एस आइटममा भएका कामको भुक्तानी दिँदा सक्कल बिल बिजक लिएरमात्र भुक्तानी दिनु पर्नेमा सो अनुसार प्रमाण पेश नभएको अबस्थामा पनि भुक्तानी दिएको देखिन्छ । यसरी भुक्तानी पाएको रकम बराबर निर्माण व्यबसायीले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा खर्च दाबी गरी दाखिला गर्नुपर्ने भन्दा घटी आयकर दाखिला गर्न सक्ने हुँदा भुक्तानी लिएको पी एस आइटम बापतको रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको आय बिबरणमा खर्च दावी नगरेको भनि सुनिश्चित हुने अबस्था छैन । यसमा यथार्थता एकिन गरी प्रमाण पेश हुनु पर्ने रु. | १९२,३७४ |

| क्र.सं. | काम | निर्माण व्यबसायी | बिबरण | रकम |
|---|---|---|---|---|
| १ | सडकपुर लोहारपुर सडक कालोपत्रे | जोशी अमृत जे भी | सेफ्टि सामान र वीमा प्रिमियम भुक्तानी | ९७०५९।०९ |
| २ | कालिमाई बिद्यालय भबन निर्माण | ब्राइटन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | बीमा प्रमियम भुक्तानी | ९५३१५।०४ |
| | | | जम्मा | १,९२,३७४।१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **ठेक्का लगत-**<br>कुनै पनि सार्वजनिक खरिद कार्यको लागत अनुमान, ठेक्का सम्झौता रकम, पेश्कीको अबस्था, कार्य सम्पादन जमानतको अबस्था, काम सम्पन्न गर्नुपर्ने समय, भेरियसन लगायतका प्रत्येक ठेक्काको अबस्था एकै ठाउमा देखिने गरी ठेक्कासम्बन्धी गोस्वारा लगत (म ले प फा नं ५०७) राख्नु पर्दछ । तर यस कार्यालयले उक्त लगत अद्याबधिक गरी राखेको पाइएन । यस्तो अबस्थामा ठेक्काको अबस्था सहजरुपमा जानकारी प्राप्त गर्न कठिनाई भई अनुगमन तथा मुल्याँङ्कनमा प्रभाबकारी नरहने अबस्था रहने हुने हुँदा सबै प्रकारका खरिद कार्यको स्पष्ट अभिलेख देखिने गरी ठेक्कासम्बन्धी गोस्वारा लगत म.ले.प.फा. नं.५०७ तयार गरी राख्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **वडा कार्यालय भवन-**<br>यस पालिकाले ७ नं वडा कार्यालय भवन निर्माणका लागि रु.९७,९३,७१७।११ लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट रु.५६,८६,०५०।४८ को कबोलमा २०७८।३।२० मा काम सम्पन्न गर्ने गरी २०७७।२।९ मा ठेक्का सम्झौता गरेकोमा कुल रु.५४,३८,५०८।९४ भुक्तानी दिइ २०७८।३।१० मा काम सम्पन्न गरेको जनाएको छ । भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआवजा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर उक्त स्थानमा घर बनाउने जग्गा यस कार्यालयको नाममा दर्ता नभएको अबस्थामा नेपाल सरकारको स्वीकृति लिनु पर्नेमा स्वीकृति नलिई भबन बनाउने सम्झौता गरी निर्माण कार्य गराएको पाइयो । यस्ता कार्य प्रचलित कानून विपरित मानिने हुँदा कानूनी प्रकृया पुरा गरी नगरपालिकाको स्वामित्व भएको जग्गामा मात्र कार्यालय भबन बनाउने व्यबस्था हुनुपर्दछ । | |
| ३९ | | | **परामर्श सेवा खरिद-** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>पालिकाको कार्यालयले यस आर्थिक बर्षमा निम्न कार्यका लागि कार्यालयमा सूचिकृत परामर्शदाता फर्मबाट प्राबिधिक तथा आर्थिक प्रस्ताब माग गरी आर्थिक तथा प्राबिधिक प्रस्ताबमा उच्च अंक पाएको फर्मसँग सम्झौता गरी परामर्शको काम सम्पन्न भएको जनाएको छ ।
<table>
<tr><th colspan="5">आ.व. ०७७।७८ मा खरिद गरिएको परामर्श सेवा</th></tr>
<tr><th>क्र.सं.</th><th>डी पी आरको विबरण</th><th>परामर्शदाता</th><th>लागत अनुमान</th><th>सम्झौता र भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>कमल पोखरी तालको समग्र पर्यटन बिकास</td><td>सन्ध्या इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि</td><td>१९९७२५५।७९</td><td>१९,३२,३००।</td></tr>
<tr><td>3.</td><td>कमल पोखरी तालको समग्र पर्यटन बिकास</td><td>पेशो कन्सल्ट प्रा लि</td><td></td><td>१०,२९,७६९।</td></tr>
<tr><td>4.</td><td>कमल पोखरी तालको समग्र पर्यटन बिकास</td><td>बागेश्वरी सिभिल कन्सल्ट प्रा लि</td><td></td><td>९,८५,९२५।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३९,४७,९९४।</td></tr>
<tr><td>५</td><td>इ लाइबेरी बिल्डिङ्ग</td><td>ए आर इन्जिनियरिङ्ग</td><td></td><td>२९८३२०।</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td>५२,४०,७१४।</td></tr>
</table>
परामर्श सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:</td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमामात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिसमेत उपयोग गरी काम गराउन सकिने नसकिने सम्बन्धमा कुनै व्यहोरा उल्लेख नगरी बाहय परामर्शदातासँग खरिद सम्झौता गरी परामर्श सेवा खरिद गर्दा यो बर्ष पालिकालाई रु. ४२,४६,३१४। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।</td><td></td></tr>
<tr><td>३९.३</td><td></td><td></td><td>परामर्शसेवा लिइ प्रतिबेदन प्राप्त भए पछि कार्यालयको आबश्यकता अनुसार काम सम्पन्न भएको छ छैन जाँच गरी उपयुक्त देखिए प्राप्त प्रतिबेदन अभिलेखमा राख्नु पर्नेमा नराखेको, सम्झौता अनुसार तयार गरेको प्रतिबेदन कार्यालयमा जिम्मेवार व्यक्तिहरु समक्ष डी पी आरका मुख्य व्यहोरा समाबेश गरी प्रस्तुतीकरण गर्ने भनि भुक्तानी दिए पनि प्रस्तुतिकरण गरेको नदेखिएको, प्रस्ताब पेश गर्दा काममा खटिने सबै परामर्शदाताको योग्यता र अनुभब सहितको नामावली पेश गरेमा कामको बिश्वसनियता बढनेमा नाममात्र पनि पेश नगरेको, फिल्डमा काम गरेका परामर्शदाताले सर्बे चरणमा फिल्डमा काम गर्दाका बिभिन्न फोटोहरु पनि समाबेश गरी सर्बे प्रतिबेदन पेश गरेमा प्रतिबेदनको बिश्वसनियता बढनेमा कुनै पनि फोटोहरु पेश गरेको नदेखिएको अबस्था छ । यस्ता कार्यमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.४</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. ५ लाख देखि २० लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरेर तथा नियम ३१(१) अनुसार रु. २० लाख भन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एक पटक वा पटक पटक गरी रु. ५ लाखभन्दा बढीको खरिद एउटै व्यक्ति ,फर्म, कम्पनी वा संस्थाबाट गर्न नसकिने व्यबस्था छ ।गाँउ कार्यपालिकाको २०७७।८।२६ को बैठकले कमल पोखरी तालको समग्र पर्यटन बिकास योजनाको डी पी आर का लागि रु.४०,००,०००।को बजेट व्यबस्था गरेकोमा रु.२० लाखभन्दा बढीको लागत अनुमानका प्याकेज बनाई सार्बजनिक खरिद ऐन,२०६३ को दफा ३० बमोजिम खुल्लारुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना गरी काम गराएको भए प्रतिस्पर्धाको लाभ समेत प्राप्त हुन सक्नेमा कार्यालयमा सुची दर्ता भएका भनिएका सीमित संस्थाबाट लागत अनुमान कै हाराहारी भुक्तानी दिएर एकै फर्मलाई रु. ५ लाखको सीमासमेत नघाई सोझै परामर्श सेवा खरिद गरेको देखिन्छ । यसरी गरेको कार्य नियमित देखिदैन । खरिद गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरि गर्नु आबश्यक देखिन्छ ।</td><td>३,९४७,९९४</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>टुक्रा पारी खरिद-<br>हसुलिया मसुरीया शडक निर्माण/मर्मतः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । नगरपलिकाले हसुलिया मसुरिया सडक निर्माण र मर्मत कार्यको लागि खण्ड खण्ड गरी लागत अनुमान टुक्राएर निम्नानुसारका निर्माण ब्यवसायीहरुबाट सडक निर्माण र मर्मतको काम गराइ रकम भुक्तानी गरेको छ । यसरी एउटै सडकका बिभिन्न स्थानमा बिभिन्न निर्माण ब्यवसायीबाट पटक पटक लागत अनुमानकै हाराहारीमा काम गराएकोले सडक निर्माण र मर्मतको लागत मितब्ययी छ भन्न सक्ने अबस्था रहेन । पालिकाले नियमानुसार प्रकृया अपनाई खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।
<table>
<tr><th>गो.भा.नं र मिति</th><th>बिबरण</th><th>निर्माण ब्यबशायी</th><th>रकम</th></tr>
<tr><td>९।२०७७।६।४</td><td>भत्केको कल्भर्टदेखि सबस्टेशनसंम</td><td>ठाकूर कन्स्टक्सन</td><td>४९७८१३।००</td></tr>
<tr><td>१६।२०७७।६।५</td><td>सबस्टेशनदेखि सुर्मिनाला पुलसंम</td><td>बिश्वास कन्स्टक्सन</td><td>४९७७५५।००</td></tr>
<tr><td>१७।२०७७।६।५</td><td>बेनउली पेट्रोलपम्पदेखि गेटसंम</td><td>पि बि कन्स्टक्सन</td><td>४९७७५६।००</td></tr>
<tr><td>१८।२०७७।६।५</td><td>हसुलिया मसुरिया लिंक रोड</td><td>त्रिलेक निर्माण सेबा</td><td>४९७०८३।००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>मु.अ. कर समायोजन-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले संझौता बमोजिमको कार्य गर्नको निमित्त कार्यालयबाट कार्यादेश हुनु अगाबै जारी भएका कर बिजक पेश भएकोमा कार्यालयले निम्नानुसार भुक्तानी गरेको छ । कार्यादेश अगावैका विलका आधारमा भुक्तानी दिएको मनासिव नदेखिएको भुक्तानी दिएका विलको हुने मू.अ.कर रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरी हिसाव मिलान गरेको प्रमाण सहित सम्झौता अगावैका विल सम्बन्धमा कार्यालयबाट एकिन गरी प्रमाण पेश हुनु पर्दछ रु.
<table>
<tr><th>गो भा नं र मिति</th><th>बिबरण</th><th>कार्यादेश मिति</th><th>करबिजक जारी मिति</th><th>भुक्तानी रकम</th><th>५० प्रतिशत मू अ कर</th></tr>
<tr><td rowspan="2">१७।२०७७।६।५</td><td>पि बि कन्स्टक्सन</td><td rowspan="2">२०७७।५।१६</td><td>कर बिजक नं ०१</td><td rowspan="2">४९७७५७।००</td><td rowspan="2">२८६३२।००</td></tr>
<tr><td>बेलौरी पेट्रोलपम्पददेखी कैलारी गेटसंम हसुलिया मसुरिया लिंक शडक</td><td>२०७७।५।४</td></tr>
<tr><td rowspan="2">१८।२०७७।६।५</td><td>त्रिलोक निर्माण सेबा</td><td rowspan="2">२०७७।५।१६</td><td>कर बिजक नं १</td><td rowspan="2">४९७०८३।००</td><td rowspan="2">२८५९३।००</td></tr>
<tr><td>हसुलिया मसुरिया लिंक शडक</td><td>२०७७।५।४</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>५७२२५</td></tr>
</table></td><td>५७,२२५</td></tr>
<tr><td>४२</td><td>१५</td><td>२०७७-६-४</td><td>कर कट्टी नगरेको-<br>हसुलिया मसुरिया शडक मर्मत कार्यका निर्माण ब्यबशायी ठाकूर कन्स्ट्रक्सनलाइ करबिजक बमोजिमको रु.६८७७९२।०० मात्र बजेट खर्च लेखी रकम भुक्तानी गर्नु पर्नेमा रु.६९६९२२।०० बजेट खर्च लेखेकोले बढी बजेट खर्च लेखेको रु.९१३०।०० र कर बिजक बमोजिमको रकम रु.६८७७९२।०० मा नियमानुसार १.५ प्रतिशतले हुने अग्रिम कर रु.९१३०।०० कट्टी नगरेकोले सो समेत असूल गरी राजश्व दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु,</td><td>१८,२६०</td></tr>
<tr><td>४३</td><td>४३०</td><td>२०७८-३-३०</td><td>प्रमाणवेगर भुक्तानी-<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट भएको काममा मूल्य अभिबृद्धि कर भुक्तानी गर्न नमिल्ने उल्लेख छ । गणेश टोल झोलुंगेपुल निर्माण उपभोक्ता समितिलाई संझौता बमोजिमको काम सम्पन्न भई रु.४८८७८६१।०० भुक्तानी गर्दा रु.२९७६३८।०० मूल्य अभिबृध्दि कर समेत भुक्तानी गरेको छ । उपभोक्ता समितिबाट गराएको कामको बिलमा मू अ कर भुक्तानी गर्दा प्रयोग भएका सामाग्रीको परिमाण को आधारमा मू.अ.कर रकम भिडान भएको यथेष्ट प्रमाण बेगर भुक्तानी गर्नु मनासिब नदेखिएको रु</td><td>२९७,६३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रमाण पेश हुनुपर्ने-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को ३९ बमोजिम खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका उपभोक्ता समितिहरुलाई उपलब्ध गराएको रकमका कार्यक्रम वा संझौता बमोजिमका खर्चका बिल भर्पाई नापी कार्य स्वीकार एबं कार्यसम्पन्न प्रतिबेदन लगायतका फाटबारीका साथै प्रगति प्रतिबेदन तथा अनुगमन प्रतिबेदन जस्ता खर्च पुष्ट्याईका प्रमाण कागजात पेश नभएकोले कार्यालयबाट अनुगमन निरीक्षण अबलोकन गरी उपरोक्तानुसारका प्रमाण कागजात पेश पर्नु पर्ने रु.
<table>
<tr><th>गो. भा. नं र मिति</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td rowspan="2">२४।२०७७।६।१९</td><td>घुराहा झोलुंगेपुल निर्माण उपभोक्ता समिति</td><td>२४०२७९</td></tr>
<tr><td>लोहरपुर डम्मारी झोलुंगेपुल निर्माण उपभोक्ता समिति</td><td>८९४३६</td></tr>
<tr><td>२९।२०७७।६।२२</td><td>खरुवाखेत झोलुंगेपुल निर्माण उपभोक्ता समिति</td><td>११५७५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४४५४६५</td></tr>
</table></td><td>४४५,४६५</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>वितरण भरपाई वेगर भुक्तानी-<br>पशु सेबा शाखाको कार्यक्रम अनुसार साझेदारीमा बंगुर प्रबर्धन कार्यक्रम संचालन गर्न प्रगति बंगुर पालन समितिसंग संझौता गरी गो भा नं २६५ मिति २०७८।२।२३ २७१ र २७८ समेतबाट रु.१६०००००।०० र गो भा नं ३६२ मिति २०७८।३।२५ बाट ना प स्वा प्रा चेतराज भण्डारीबाट खर्च गरेको रु.४०००००।०० समेत बजेट खर्च लेखेको छ । संझौता बमोजिम ९६ कृषकहरुलाई २९० बंगुर बितरण गर्ने शर्त रहेकोमा २६१ बंगुर वितरणको भर्पाई मात्र पेश भएको पाईयो । अतः सम्झौतानुसार वितरण गर्नुपर्ने थप २९ वंगुर प्रति बंगुर रु.५५००। का दरले रु.१५९५००। वितरण गरेको नदेखिएकोले भुक्तानी रकम नियम सम्मत नदेखिएको रु.</td><td>१५९,५००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>बढी भुक्तानी-</td><td></td></tr>
<tr><td>४६.१</td><td>२६१</td><td>२०७८-२-१६</td><td>सरस्वती माध्यमिक बिद्यालय खरुवाखेत भबन निर्माण उपभोक्ता समितिलाई कार्यालयबाट रु.३५०००००।०० मात्र उपलब्ध गराउने शर्तमा रु.३८६४७००।०० को संझौता भई रु.३०३७२७४।०० मात्रको कार्यसम्पन्न भएकोमा रु २७५०६५५।०० मात्र भुक्तानी गर्नु पर्नेमा दुई किस्तामा गरी रु.२९१९६४९।०० भुक्तानी गरेकोले संझौताको शर्त बमोजिम अनुपातिक कट्टा नगरी रु.१६८९९४।०० बढी भुक्तानी दिएको रकम अशूल गरी राजश्व दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१६८,९९४</td></tr>
<tr><td>४६.२</td><td>८७</td><td>२०७७-८-३०</td><td>दक्षिण टेढी पेट्रोलपम्पदेखि दक्षिण टेढी गाउ जाने बाटो स्तरोन्नती।निर्माण उपभोक्ता समितिलाई कार्यालयबाट रु.१९६००००।०० मात्र उपलब्ध गराएने शर्तमा रु.२१८३८५२।०० को संझौता बमोजिम रु.२१७८९५७।०० मात्रको निर्माणकार्य सम्पन्न भएकोमा कार्यालयले रु.१९५५६०६।०० मात्र भुक्तानी दिनु पर्नेमा रु.१९६००००।०० भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम रु.४३९३।०० अशूल गरी राजश्व दाखिलाको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>४,३९३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>उपभोक्ताबाट भएको कार्य<br>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ (९) (क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समूदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेसिन पूर्व स्वीकृती लिएर प्रयोग गर्न सकिने तथा उपनियम ९ (क) अनुसार मेसिन प्रयोग गरेमा सो योजना रद्द गर्ने र कार्यवाही समेत गर्न सक्ने व्यवस्था रहेको छ । देहायका सडक स्तरोन्नति कार्य उपभोक्ता समितिले गरेकोमा कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार बाटो खन्ने कार्यमा ८० प्रतिशत मेसिन र २० प्रतिशत मानिसबाट काम गराउने गरी तयार गरेको दर बिष्लेषणका आधारमा ग्राभेलको कार्य भएको भनि भुक्तानी दिएकोमा सोही स्थानमा पुन: माटो फिलिङ्ग कार्य भनि माटोको मुल्य र ढुवानी गरेको दुरी नखुलाई ८० प्रतिशत मेसिन र २० प्रतिशत मानिसकोमात्र दर राखी दर बिष्लेषण गरि काम गरेको भनि भुक्तानी दिएको देखिन्छ। ग्राभेलको काम भई भुक्तानी दिएको अबस्थामा पुन: माटोको काम देखाउनु र दर बिष्लेषणमा बिस्तृत व्यहोरा नखुलाउनु मनासिब देखिएन ।यस्ता कार्यमा स्पष्ट हुने गरी दर बिष्लेषण गर्ने र नियमले तोकेका सबै प्रकृया पुरा गरी काम गर्न गराउन पालिकाले ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>कामको नाम</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>वडा नं ७ को सिमानादेखि गोवरैलासम्म सडक स्तरोन्नति</td><td>1532.73</td><td>320.6</td><td>491404.66</td></tr>
<tr><td>कलशु चौधरीको घरदेखि टिसिएनसम्म सडक स्तरोन्नति</td><td>553.65</td><td>320.6</td><td>177503.88</td></tr>
<tr><td>दक्षिण भण्डारी गाउँको कल्भर्टदेखि भवानी राईस मिल हुदै हेल्थपोष्ट जोड्ने बाटोसम्म सडक स्तरोन्नति</td><td>559.23</td><td>397.3</td><td>222156.85</td></tr>
<tr><td>दक्षिण टेडी पेट्रोलपम्पदेखि दक्षिण टेडी गाउँसम्म सडक स्तरोन्नति</td><td>2677.61</td><td>320.6</td><td>858458.41</td></tr>
<tr><td>मोहनपुर देखि रामपुरसम्म सडक स्तरोन्नति</td><td>1659.8</td><td>320.6</td><td>532143.75</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>लागत अनुदान-<br>गरिवि निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को नियय ४१ अनुसार उद्यमीलाई उद्योगको प्रकृति,आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने र उपलब्ध गराईने प्रविधिको कूल लागतको कम्तिमा बिस प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्ने उल्लेख छ । तर कार्यालयबाट यस बर्ष प्रविधि हस्तान्तरणमा रु.३०१५००।सिलाई मेसिन खरिद गरी वितरण गरेकोमा कुनै पनि लागत सहभागिता नलिई अनुदानमा वितरण गरेको देखियो । कुल खर्चका आधारमा हुने लागत सहभागिता रु.६०३००। नलिई सत प्रतिशत अनुदानमा पालिकाबाटै वितरण गरेको मनासिव देखिएन । अतः गाउँपालिकाबाट यस कार्यक्रमबाट हुने सवै प्रकारका प्रविधि हस्तान्तरणमा विस प्रतिशत सहभागिता सम्बन्धित उद्यमशिलबाट असुल गर्नुपर्ने रु.</td><td>६०,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>शिविरि सञ्चालन खर्च-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ४१ अनुसार खर्च गर्दा उपलव्ध स्रोत साधनको समुचित प्रयोगको सुनिश्चित भएको एकिन हुने गरी खर्च गर्नु पर्ने उल्लेख छ । सशर्त अनुदान अन्तरगत व्यक्तिगत घटना दर्ता शिविर सञ्चालनको लागि गाउँपालिकाले हेलो इन्टरनेसनल प्रा.लि.सँग सम्झौता गरी रु.१३८२३४०।३० मू.अ.कर सहित भुक्तानी गरेको देखियो । उक्त प्रा.लि सँग २०७८।१।१ देखि २०७८।१।१६ सम्म दर्ता शिविरबाट डाटा संकलन गर्ने उद्देश्यका साथ सम्झौता भई देहाय अनुसारको अनुमान तथा संकलन प्रतिवेदन पेश गरेको छ । सवै वडाहरुमा सामाजिक सुरक्षा भत्ताको डिजिटलाईजेसन भई अनलाईन पोष्टिङ्ग सञ्चालनमा रहेको अवस्थामा स्वतः दर्ता हुन आउने हुनाले गाउँपालिकाबाट सञ्चालन भएको शिविरमा भएको खर्च उच्चतम सदुपयोग भएको देखिदैन । यस्ता कार्यमा गाउँपालिकाले प्राप्त भएको बजेट खर्च गर्ने भन्दा पनि अधिकतम लाभ हुने नहुने एकिन गरेर मात्र खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।
<table>
<tr><th>वडा नं.</th><th>अनुमानित संख्या</th><th>संकलित संख्या</th><th>सञ्चालन गरेको समय</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>३५०</td><td>४८</td><td>२०७८।१।२-९</td><td>तोकेको भन्दा १ दिन कम</td></tr>
<tr><td>२</td><td>३२०</td><td>३४</td><td>२०७८।१।२-९</td><td></td></tr>
<tr><td>३</td><td>२६०</td><td>१५</td><td>२०७८।१।२-९</td><td></td></tr>
<tr><td>४</td><td>३६०</td><td>३२</td><td>२०७८।१।२-९</td><td></td></tr>
<tr><td>५</td><td>३३०</td><td>७</td><td>२०७८।१।२-९</td><td></td></tr>
<tr><td>६</td><td>३२०</td><td>५८</td><td>२०७८।१।१०-१७</td><td></td></tr>
<tr><td>७</td><td>३९०</td><td>३५</td><td>२०७८।१।१०-१७</td><td>तोकेको भन्दा १ दिन कम</td></tr>
<tr><td>८</td><td>३५०</td><td>३१</td><td>२०७८।१।१०-१७</td><td></td></tr>
<tr><td>९</td><td>३३०</td><td>२०</td><td>२०७८।१।१०-१७</td><td>तोकेको भन्दा १ दिन कम</td></tr>
<tr><td>जम्मा</td><td>3010</td><td>280</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td>९४</td><td>२०७७-६-२०</td><td>सुचना प्रकाशनमा बढी भुक्तानी-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ बमोजिम बजेट खर्च लेख्दा बिलभरपाई जाँच बुझ गरी भुक्तानी गर्नुपर्दछ । पालिकाले सूचना प्रकाशनवापत पहुरा मिडिया प्रा लि लाई प्रस्तुत गोश्वारा भौचरबाट भुक्तानी गर्दा पेश भएको २ थान कर बीजक मध्ये बिजक नं. २ मा प्रति सेन्टिमिटर कोलम (CC) रु २५०।- को दरले उल्लेख गरेकोमा एकै प्रकृतिको सूचना प्रकाशनको लागि बिजक नं. १ मा प्रति सेन्टिमिटर कोलम (CC) रु ५००।- को दरले उल्लेख गरी ८०० CC को रु. ४००००।- भुक्तानी दिएको छ । यसरी एउटै पत्रिकाले एकै किसिमको सूचना प्रकाशनको लागि दोव्वर दररेट फरक पारी भुक्तानी लिएको मनासिव देखिएन । प्रति सि.सि. २५० को दरले ८०० CC को रु. २००००।- भ्याटबाहेक बढी भुक्तानी दिएको सम्बन्धितबाट भ्याटसहित असुल गर्नुपर्ने रु.</td><td>२०,०००</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **नर्म्स भन्दा बढी भुक्तानी**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.३ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिक्षमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रु.७००। र कार्यपत्र वापतरु.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने कार्यपत्रको मात्र पारिश्रमिक पाउने उल्लेख छ । यस पालिकाबाट सञ्चालन भएका निम्नानुसार कार्यक्रममा नपाउने खर्च भुक्तानी भएकोले निर्देशिका विपरित खर्च गरेको रु. ९१६३०।- नियमित देखिएन । | ९१,६३० |

| गो.भौ.नं.र मिति | कार्यक्रम संचालक | कार्यक्रम | सेसन | बढी रकम कर कट्टा गरेर रु |
|---|---|---|---|---|
| २३७।२०७७।८।८ | बाल कुमारी चौधरी | धामी झाक्री तथा गुरुवाका लागि कानूनी सचेतना कार्यक्रम | ४ | २३८० |
| २३८।२०७७।८।८ | बाल कुमारी चौधरी | धामी झाक्री तथा गुरुवाका लागि कानूनी सचेतना कार्यक्रम | ४ | २३८० |
| २३९।२०७७।८।८ | बाल कुमारी चौधरी | घरेलु हिंसा तथा जातीय विभेद न्यूनीकरण कार्यक्रम | ४ | २३८० |
| २४०।२०७७।८।८ | बाल कुमारी चौधरी | घरेलु हिंसा तथा जातीय विभेद न्यूनीकरण कार्यक्रम | ८ | ४७६० |
| २९४।२०७७।८।२५ | तर्कराज जोशी | पूर्ण सरसफाइयुक्त गाउँपालिका कार्यक्रम | ४५ | २६७७५ |
| ३३५।२०७७।९।८ | तर्कराज जोशी | गहिरो धारा मिस्त्री प्रशिक्षण तालिम | ३५ | २०८२५ |
| ३३६।२०७७।९।८ | तर्कराज जोशी | खानेपानी सुरक्षा योजना निर्माण तालिम | ३६ | २१४२० |
| ७३९।२०७७।१२।२४ | विष्णु प्रसाद चौधरी | एकल महिला सम्बन्धी तालिम | १८ | १०७१० |
| | | जम्मा | | ९१६३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **सुरक्षित नागरिक आवास**<br>सार्वजनिक खरिद नियमावलीको नियम १२५(२) बमोजिम कार्यालय प्रमुखले निर्माण कार्य स्वीकृत ड्रईङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गराउनुपर्दछ । कार्यालयले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत पहिलो किस्ता बापत १७३ जनालाई घर निर्माण बापत रु.५०७००००। रकम भुक्तानी गरेकोमा, कार्यसम्पन्न प्रतिवेदन एबम् बिल भर्पाई पेश नभएकोले निर्माण कार्यको बिल भर्पाई सहित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ५,०७०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कर विजक केरमेट-**<br>मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मुल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसुची - ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार मु.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यवसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मु.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मु.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मु.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मु.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मु.अ.कर रकम असुल हुनुपर्ने रु. | २१६,८४८ |

| गो.भौ./मिति | व्यबसायीको नाम | बिजक नं/मिति | मु अ कर बाहेक रकम | मु अ कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| २३२।०७८।१।९ | कौशिक निर्माण सेवा ३००३८६३५४ | १२/०७८।१।८ | १३८१८२६।६२ | १७९६३७।८५ | कर बिजकमा हातले लेखेको |
| ४१०।०७८।३।२५ | कौशिक निर्माण सेवा ३००३८६३५४ | २३/०७८।३।२४ | २८६२३४।६२ | ३७२१०।४५ | कर बिजकमा हातले लेखेको |
| जम्मा | | | | २१६८४८।३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **लागत सहभागिता-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ नियम ३९ अनुसार खर्च गर्दा प्रमाण कागजातका आधारमा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न कार्यक्रमको लागि देहायका कार्यक्रम सञ्चालनको लागि सम्झौता गरी कार्यालयले व्यहोर्ने र बाँकी साझेदारी कार्यक्रम सञ्चालक संस्थाले गर्ने गरी सम्झौता गरेकोमा कार्यक्रम सम्पन्न गरी पेश गरेका विल भर्पाई परीक्षण गर्दा सवै खर्च पालिकाले व्यहोरेको रकमको मात्र विल पेश गरेको देखिएकोले सम्झौता बमोजिम हुनुपर्नेमा नभएकोले नियम सम्मत नदेखिएको रु. | ४२९,८८५ |

| गो.भौ.नं./मिति | कार्यक्रमको नाम | सञ्चालकको नाम | लागत अनुमान | कार्यालयको अंश | सञ्चालकको अंश | विल पेश | अनुपातिक अंश |
|---|---|---|---|---|---|---|---|
| २३८।०७८।१।१२ | सामुदायिक परम्परागत थारु सांस्कृतिक संरक्षण कार्यक्रम | सि.एस.फिल्मर्स प्रा.लि,धनगढि | २३०००० | २००००० | ३०००० | २००००० | २६००० |
| ४३०।०७८।३।२५ | लद्यु उद्यम विकास मोडेलमा लघु उद्यमी सिर्जना कार्यक्रम | स्मार्ट सोसाईटी नेपाल | ५०५७३२ | ४८१६५० | २४०८२ | ४८१६५० | २३११९ |
| १२७१।०७८।३।२९ | सार्वजनिक सुनुवाई, समिक्षा तथा सामाजिक परीक्षण कार्यक्रम | पहुरा मिडिया प्रा.लि. | ४४०००० | ४००००० | ४०००० | ४००००० | ३६००० |
| १२२२।०७८।३।२५ | क्षमता विकास तथा स्वरोजगार कार्यक्रम | स्मार्ट सोसाईटी नेपाल | २३८१०४० | १९८४२०० | ३९६८४० | १९८४२०० | ३३०७६६ |
| १२१८।०७८।३।२५ | गाउँपालिकाको गतिविधि सम्बन्धि डकुमेन्ट्रि निर्माण | साईनो फोटो स्टुडियो एण्ड गुड्स सप्लायर्स | २१२००० | १९७००० | १५००० | २००००० | १४००० |
| जम्मा | | | | | | | ४२९८८५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>
धरौटी फर्ता<br>
सार्बजनिक खरिद नियमावली ,२०६४ का नियम १२४ मा निर्माण व्यवसायीलाई रिटेन्सन मनी फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाणको आधारमा भुक्तानी दिनु पर्ने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभाग नीति बिश्लेषण शाखाको प.सं.०७१/७२ च.नं. २३ मिति २०७१।७।१४ को परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम सम्बन्धित पार्टीलाई फिर्ता दिँदा मुल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मुल्य अभिबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकमको फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा पालिकाले देहायका निर्माण व्यवसायीलाई धरौटी फिर्ता गर्दा आयकर चुक्ता गरेको प्रमाण मात्र संलग्न गरी धरौटी फिर्ता गर्ने गरेको देखियो । मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण संलग्न गरेको पाईएन । उक्त निर्माण व्यवसायीलाई रु.९४०५२२.८५ धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर समायोजनको प्रमाण संलग्न नगरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>निर्माण व्यवसायी</th><th>धरौटि रकम</th></tr>
<tr><td>३९/०७८।३।२६</td><td>ठाकुर कन्स्ट्रक्सन (३०२५३५३१६)</td><td>२३३६५३.३२</td></tr>
<tr><td rowspan="2">३७।०७८।३।१७</td><td>चन्दन कन्स्ट्रक्सन (३०२८४३१६१)</td><td>३५५२४६.२</td></tr>
<tr><td>विनोद निर्माण सेवा (३०३७७४०७३)</td><td>१४७८६३.८९</td></tr>
<tr><td>२५।०७८।१।३</td><td>पि.के. कन्स्ट्रक्स (३००१३१३७४)</td><td>२०३७५९.४४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९४०५२२.८५</td></tr>
</table>
</td><td>९४०,५२३</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>
सुचनामा छुट नलिएको<br>
राष्टिय दैनिक पत्रिकाहरुको संस्थागत विज्ञापनमा सूचना प्रकाशन गर्दा १० देखि २५ प्रतिशत सम्मको छुट दिने गरी बार्षिक सूचना प्रकाशन गर्ने गर्दछन । नेपालको राष्ट्रिय दैनिक पत्रिका राजधानी दैनिकको संस्थापन विज्ञापनमा कम्तिमा १५ प्रतिशतसम्म छुट दिने प्रवधान हेकोमा यस पालिकाले विभिन्न मितिमा देहायका पत्रिकामा सूचना प्रकाशन गरेकोमा संस्थागत छुट लिएको नदेखिएकोले नियमानुसार पाउने छुट लिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ./मिति</th><th>विज्ञापन एजेन्सि</th><th>सूचना प्रकाशित पत्रिका</th><th>भुक्तानी रकम</th><th>पाउनु पर्ने छुट</th></tr>
<tr><td>९७६।०७८।३।१</td><td>आशिष अफसेट प्रेस</td><td>राजधानी दैनिक</td><td>२६३०००</td><td>४४५७९</td></tr>
<tr><td>९७९।०७८।३।१</td><td>आशिष अफसेट प्रेस</td><td>राजधानी दैनिक</td><td>२७४०००</td><td>४६४४३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाहरुले यो वर्ष चालु खर्च शीर्षकबाट कार्यालय सामाग्रि तथा मसलन्दमा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै कोटेशनबाट रु.३९९२०००। खर्च गरेको देखियो । पालिकाले बार्षिक खरिद योजना वनाई सोहि योजना अनुसार प्रकृया अपनाई खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **करार कर्मचारीलाई ग्रेड भुक्तानी-**<br>स्थानीय विकास कोष (स्थापना र संचालन) विनियमावली, २०५८ (कैलाली) को १४ नं. मा कोषका कर्मचारीको सेवा सुविधा जिल्ला विकास समितिका कर्मचारीको सरह हुने उल्लेख छ । जिल्ला विकास समितिका कर्मचारीको सेवा सूविधा सम्बन्धमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २५७ को उपनियम (१) अनुसार स्थानीय निकायका कर्मचारीको पारिश्रमिक, भत्ता तथा अन्य कुनै सुविधा निर्धारण गर्दा नेपाल सरकारका निजामती कर्मचारीले पाउने तलव, भत्ता तथा सुविधाहरुलाई आधारमानी आफ्नो आम्दानी तथा खर्चको सिमा भित्र रहि निर्धारण गर्नुपर्ने ब्यवस्था छ । निजामती सेवा ऐन, २०४९ को दफा २७ उपदफा (३) अनुसार प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा पुरा गरे पछि तोकिए वमोजिमको रकम वृद्धि (ग्रेड) पाउने उल्लेख छ । साविकको स्थानीय विकास कोष (जिल्ला विकास समिति कैलाली)मा कार्यरत करार सेवाका कर्मचारी सामाजिक विकास अधिकृत यगम कलेललाई कार्यालयले निर्णय गरी मिल्दो तहमा समायोजन गरी करार सेवामा समायोजन गरेको तथा निजलाई तलव वृद्धि (ग्रेड) समेत समावेश गरी रु.७८०००।- ग्रेड भुक्तानी गरेकोले कार्यालयलाई ब्ययभार परेको देखियो । अस्थाई तथा करारका कर्मचारीलाइ तलव वृद्धि (ग्रेड) दिन मिल्ने आधार भए पेश गर्ने अन्यथा सम्बन्धितबाट रु.७८०००।- असुल उपर गर्नुपर्ने रु. | ७८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>सम्झौत वेगर भुक्तानी<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा प्रमाण कागजका आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरेकोमा देहायबमोजिमको अनुदान भुक्तानी गर्दा कृषक समूहहरुसँग सम्झौता नगरी काम सम्पन्न गरेको प्रमाणका आधारमा खर्च भुक्तानी गरेको देखियो । कार्यक्रम सञ्चालन गर्दा शाखाबाट निम्नानुसार समूहबाट कार्य गराएकोमा उक्त समुहको दायित्व तथा जिम्मेवारी खुलाई सम्झौता गर्नु पर्नेमा नगरेकोले सम्झौता नराखी भुक्तानी दिएकोले नियम सम्मत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>कृषक</th><th>कार्यक्रम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३३४, ०७७।९।८</td><td>जनशक्ति कृषक समूह</td><td>एक वडा एक उत्पादन कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td>३३७, ०७७।९।८</td><td>स्मृति कृषि फर्म</td><td>एक वडा एक उत्पादन कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td>३३८, ०७७।९।८</td><td>सुक्कीराम कृषि फर्म</td><td>तरकारी खेती</td><td>१०००००</td></tr>
<tr><td>३४५, ०७७।९।९</td><td>सविता कृषि फर्म</td><td>तरकारी खेती</td><td>२०००००</td></tr>
<tr><td>३४६, ०७७।९।९</td><td>महेन्द्र कुमार चौधरी</td><td>तरकारी खेती</td><td>५००००</td></tr>
<tr><td>३५५, ०७७।९।१५</td><td>कृष्णादेवी चौधरी</td><td>सीपमा आधारित अनुदान</td><td>१०००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८५००००</td></tr>
</table></td><td>८५०,०००</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>समायोजन तलव भत्ता<br>निजामति सेवा ऐन, २०४९ को दफा २७ मा निजामति कर्मचारीले आफ्नो पदमा बहाली भएको दिनदेखि तलवभत्ता पाउने उल्लेख छ । यस पालिकामा कार्यरत श्री दिपक बहादुर खड्का (क.स.नं.१८३७४८) २०७५।१२।११ को निर्णयबाट केदारस्यू गाउँपालिकामा अधिकृतस्तर छैठौँ पदमा समायोजन भएकोमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १३ को अवधिभित्र समायोजन भएको पालिकामा हाजिर हुन गएको प्रमाण पेश नगरी मिति २०७७।१२।२३ को समायोजन मिलानको पत्रबमोजिम यस गाउँपालिकामा समायोजन भई अधिकृतस्तर छैठौँ तहमा बहाल भएपश्चात समायोजन निर्णय भएको मिति २०७५।१२।११ देखि २०७७।१२।२३ सम्मको अधिकृतस्तर छैठौँको छुट तलव र ग्रेडसमेत गरी रु.९७६९८।– भुक्तानी गरेको छ । यसरी पदमा बहाली नभएको अवधिको छुट तलव भत्ता लिने आधार प्रमाण भए पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>९७,६९८</td></tr>
<tr><td>६१</td><td>१४०</td><td>२०७७-१०-२५</td><td>अग्रिम कर<br>आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।गणेश प्रसाद मिश्रका नामको पेश्की फछ्र्योट रु.९००००।०० समेत संलग्न खर्चका फाटबारी बमोजिम रु.९६८००।०० बजेट खर्च लेखेकोमा पारीश्रमिक कर कट्टी गरेको रकम रु.४०८०।०० र अग्रिम कर कट्टी गरेको रकम रु.६५४।०० समेत कूल रु.४७३४।०० राजश्वमा दाखिलाको प्रमाण पेश नभएकोले अशूल गरी राजश्व दाखिलाको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>४,७३४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।पालिकाले यस बर्ष दुई चौमासिक नगद वितरण गरी अन्तिम किस्ताबाट बैंक मार्फत गरी जम्मा रु.१०६४२७१६५।वितरण गरेको छ । नगद वितरण गरेका केही वडाको भर्पाई परीक्षण गर्दा केहि व्यक्तिको दोहोरो परेको लेखापरीक्षण अवधि भित्रै दाखिला गरेको र पहिलो किस्तामा दोहोरो परेको तथा मृत्यु भएको भनि जनाएकोमा दोस्रो किस्तामा पनि तिनै लाभग्राहिको नाम दोहोरी रहेको देखियो वडा कार्यालयले समयमै लगत कट्टा गर्ने र त्यसको जानकारी पालिकालाई दिएर समयमै लगत कट्टा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **सियुजि सिम-**<br>कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप १.२ अनुसार शिक्षक तथा विद्यार्थलाई सि.यू. जि. सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थि संख्याका आधारमा प्रति विद्यार्थि मासिक रु.१२५। का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था अनुरुप गाउँपालिकाले ५० विद्यायलाई सो कार्यको लागि रु.२०१८६२५। रकम निकासा दिएकोमा गाउँपालिका सो कार्यक्रम विद्यालयहरुले सञ्चालन गरे नगरेको प्रमाण पेश नभएकाले एकिन हुन नसकेकाले तहाँ कार्यालयबाटै एकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | २,०१८,६२५ |
| ६४ | | | **शसर्त फिर्ता-**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(२) अनुसार प्रदान गर्ने शसर्त अनुदान तोकिएको काममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले कोभिड १९ अस्थायी अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मिलाई पारिश्रमिकको लागि भनि रु.६४१५६०। प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेकोले आर्थिक बर्षको अन्त सम्म खर्च नभएको उक्त रकम संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ६४१,५६० |
| ६५ | | | **औषधि खरिद-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर औषधिजन्य मालसामान सोझै खरिद गरी विभिन्न सप्लायर्सलाई रु.३१३५०५९। भुक्तानी गरेको छ । खरिद गरेका औषधि उत्पादनको मुल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्ने गरेको देखिएन । गाउँपालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा नियमानुसार बार्षिक खरिद गर्नुपर्ने सामानहरुको योजना तयार गरी एकमुष्ठ खरिद प्रकृया अनुसार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी वितरण गर्न गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **पूर्वनिर्धारित क्षतिपूर्त-**<br>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतप्रति दिनका दरले पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले एम्बुलेन्स खरिदको लागि सिप्रदि ट्रेडिङ्ग प्रा.लि.सँग २०७७।७।१७ मा ९० दिनको कार्य अवधि तोकेर रु.१४०५०००। मा सम्झौता भएकोमा अग्रिम रुपमा पुरै रकम पेश्की भुक्तानी भएकोमा पेश्कीको कुनै पनि जमानत लिएको देखिएन । निर्धारित समयमा काम सम्पन्न हुन नसकेको बारेमा निज सप्लायर्सले म्याद थप निवेदन पनि पेश नगरेको तथा कार्य सम्पादन जमानत पनि ९० दिन अवधि खाम्ने गरी मात्र पेश गरेको अवस्थामा २०७८।४।५ मा पेश्की फर्स्यौट गरेकोमा १६८ दिन ढिला गरेको देखिएकोले जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाई पूर्वनिर्धारित क्षतिपूर्ति रु.१०७५२०। असूल हुनुपर्ने रु. | १०७,५२० |
| ६७ | ४७५ | २०७७-१०-१५ | **भ्रमण खर्च-**<br>भ्रमण खर्च नियमावली,२०६४ को नियम ९ अनुसार सरुवा भई जादाँ सरुवा भ्रमण खर्च पाउने व्यवस्था छ । यस कार्यालयबाट स्वास्थ्य विमा वोर्ड टेकुमा कामकाज गर्ने गरी सरुवा भएका सि.अ.हे.व.अधिकृत जयकला रावलले यस कार्यालयबाट सरुवा भ्रमण खर्च रु.२१८००। भुक्तानी लिए पनि कार्यालयको प.सं.२०७७।७८ च.नं.२७१६ मिति २०७७।१०।६ को रमाना पत्रमा सरुवा भ्रमण खर्च नलिएको भनि लेखि पठाएको छ ।यस सम्बन्धमा लेखापरीक्षणले औल्याए पछि स्वास्थ्य विमा वोर्ड,टेकु काठमाडौं प.स.२०७८।७९ च.नं.४२१ मिति २०७८।८।१५ को पत्रबाट उक्त वोर्डबाट उक्त कार्यको सरुवा भ्रमण खर्च लिएको श्रेस्ताबाट नदेखिएको भनि लेखि पठाएको छ । यस कार्यालयबाट भ्रमण खर्च भुक्तानी दिएर रमाना पत्रमा भुक्तानी नदिएको भनि लेख्ने कार्य मनासिव देखिएन । आइन्दा यस्ता कार्य नदोहोरिने सुनिश्चितता सहित उक्त खर्च नियमित हुनु पर्ने रु. | २१,८०० |
| ६८ | | | **लागत अनुमान वेगर पोखरि निर्माण**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत प्रगति माछा पकेट समूहलाई रु.३० लाख मध्ये ५० प्रतिशत ले हुने रु.१५ लाख अनुदानमा रकम उपलव्ध गराउने गरी सम्झौता गरी भुक्तानी गरेको छ । कुल लागत अनुमान तयार गर्दा के कति पोखरी निर्माण गर्ने प्रति पोखरि बनाउन कति लागत अनुमान लाग्ने सोको एकिन नगरी एकमुष्ट लागत अनुमान तयार गरी ५० प्रतिशत समुहले व्यहोर्ने र ५० प्रतिशत कार्यालयले व्यहोर्ने गरी बनाएको देखियो । लागत अनुमात तयार गर्दा प्रति वटाको लागत अनुमान बनाई परियोजना तयार गर्नुपर्नेमा उक्त समूहले पेश गरेको कागजात परीक्षण गर्दा २९९९८ घनमिटर माटो खनेको भनि प्रति घनमिटर रु.६० का दरले १५ जनालाई रु.१७९९८८०। पोखरि खनेकोमा लागत अनुमान तयार गरेको र अन्य सामाग्रिको खरिद गरेको भनि एकमुष्ट ५० प्रतिशतले अनुदान भुक्तानी दिएको देखियो । समग्र कार्यको मूल्याङ्कनको नापि गरेर बास्तविक खर्चको मात्र भुक्तानी गर्नुपर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६९ | | | **अग्रिम कर** | |
| ६९.१ | ११०५ | २०७८-३-१७ | आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सेवामा १५ प्रतिशतले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले युवायुवतीहरुलाई डिप्लोमा कोर्स कम्प्युटर तालिम कार्यक्रमको लगि सामाजिक जागरण र विकास केन्द्र नेपालसँग रु.४९५०००।भुक्तानी गर्ने गरी सम्झौता भएकोमा कार्यक्रम भएको सम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी लगेकोमा नियमानुसार लाग्ने अग्रिम कर रु.७४२५०। कट्टा गर्नुपर्नेमा रु.८५१९ मात्र कट्टा गरेकोले घटी कर कट्टि रु.६५७३१। सेवा प्रादयकबाट असुल गर्नुपर्ने रु. | ६५,७३१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९.२</td><td></td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ ।गाउँपालिकाले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा ,विउविजन खरिदगरी सामान उपलब्ध गराए बापत सामान आपूर्तकबाट खरिद मुल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा गाउँपालिकाबाट भएको भुक्तानी अंशमा मात्र अग्रिम करकट्टी गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम करछुट हुन गएको देखियो । तसर्थ देहायको भुक्तानी बाहेक बाँकी रकममा तहाँबाटै एकिन गरी देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>विल रकम</th><th>करकट्टि हुनुपर्ने रकम</th><th>करकट्टी भएको रकम</th><th>कर छुट रकम</th></tr>
<tr><td>२७७।०७८।२।२८</td><td>सोना एण्ड सवना कृषि तथा पशुपंछि विकास फर्म प्रा.लि.कैलाली</td><td>बाख्राको पकेट विकासमा बाख्रा खरिद</td><td>२००००००</td><td>३००००</td><td>१५०००</td><td>१५०००</td></tr>
<tr><td>३०४।०७८।३।४</td><td>मालिकार्जुन गराडी एकिकृत कृषि फर्म कैलाली</td><td>बाख्राको पकेट विकासमा बाख्रा खरिद</td><td>२००००००</td><td>३००००</td><td>१५०००</td><td>१५०००</td></tr>
<tr><td>११४७।०७८।३।२१</td><td>हेमन्त एग्रोभेट सेन्टर</td><td>धानको विउ खरिद</td><td>१६००३००</td><td>२४०००</td><td>१२०००</td><td>१२०००</td></tr>
<tr><td>९९।२०७७।९।१५</td><td>जि एम ट्रेड एण्ड सप्लायर्स</td><td>कृषि सामाग्रि</td><td>२००००००</td><td>३००००</td><td>१५०००</td><td>११५४८</td></tr>
<tr><td>१३३।२०७७१०।२०</td><td>नया तुल्सी फोरव्हील प्रा लि</td><td>कृषि सामाग्रि</td><td>७९७५०००</td><td>११९६२५</td><td>५९८१२</td><td>५९८१३</td></tr>
<tr><td>३६०।२०७८।३।२४</td><td>परिश्रम कृषि स सं लि</td><td>कृषि सामाग्रि</td><td>२०१०६६६</td><td>३०१६०</td><td>१५०८०</td><td>१५०८०</td></tr>
<tr><td>३५४।०७७।९।१४</td><td>हेमन्त एग्रोभेट सेन्टर</td><td>गहुँको विउ खरिद</td><td>६४०००००</td><td>९६०००</td><td>४८०००</td><td>४८०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१७६४४१</td></tr>
</table></td><td>१७६,४४१</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले कालोपत्रे सडकमा बृक्षारोपण कार्यक्रममा चौधरी एकिकृत एग्रो सेन्टर नर्सरी फर्मसँग रु.९४५०००। मा सम्झौता गरेकोमा निज फर्मले खरिदका लागि विभिन्न फर्मबाट कोटेशन लिएकोमा देहायका सप्लायर्समध्ये सवै भन्दा घटीवालासँग खरिद गर्नुपर्नेमा बढीवालसँग खरिद गरेकोले बढी भुक्तानी भएकोले रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सामानको विवरण</th><th>कोटेशन पेश गर्ने सप्लायर्स</th><th>पेश गरेको दरमू.अ.कर सहित</th><th>खरिद परिमाण</th><th>बढी दर</th><th>भुक्तानी</th></tr>
<tr><td rowspan="3">७ एम.एमको सरिया</td><td>पाथिभरा विसाल ट्रेडर्स</td><td>१२०</td><td>२३००</td><td>१८</td><td>४१४००</td></tr>
<tr><td>एस एम ट्रेडिङ एण्ड कन्सर्न</td><td>१०२</td><td>४३७०</td><td>०</td><td>०</td></tr>
<tr><td>ए.के ट्रेडर्स एण्ड हार्डवेयर प्रा.लि</td><td>११३</td><td>२८०</td><td>१२</td><td>३०८०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४४४८०</td></tr>
</table>
</td><td>४४,४८०</td></tr>
<tr><td>७०.२</td><td>१२१९</td><td>२०७८-३-२५</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले ३ नं. वडामा बहुउपयोगि वनस्पति फलफूल खेति विस्तार तथा प्रवर्धन कार्यक्रम सञ्चालनका लागि वन देवी कृषि फर्म प्रा.लि.सँग सम्झौता गरी रु.६६१७६३.१को कार्य सम्पन्न प्रतिवेदन पेश गरेकोमा नापी कितावमा कन्टिन्जेन्सी कट्टी गरी रु.५८२०००।मात्र भुक्तानी दिन सिफारिस गरेकोमा रु.६०००००। भुक्तानी भएकोले रु.१८०००। बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु.</td><td>१८,०००</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रयोजन नखुलाई रु.११४६०००। विविध खर्च भनेर होटलको विलको आधारमा खर्च गर्ने गरेको देखियो । अतः खर्च गर्दा औचित्य पुष्ट्रि हुने प्रमाण संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । साथै यस्ता खर्चमा नियन्त्रण समेत हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण-</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ बमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका अन्तरसरकारी अख्तियारीका शीर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षणप्रतिवेदनमा औँल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्र्यौट भएको प्रमाण पेश नभएकाले बेरुजु कायम गरिएको छ । आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरीक्षणको लागि अद्यावधिक गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२.२</td><td></td><td></td><td>नमुना सामूदायिक वन उपभोक्ता समितिको उपभोक्ता विलको रकम रु ३२३१९००।- मध्ये जनश्रमदानको अंश रु.३४९०४५।- कटाई बाँकी रु.२८८२८५५।- भुक्तानी हुनुपर्नेमा रु.२९१००००।- भुक्तानी भएकाले बढी भुक्तानी भएको रु.२७१४५।- सम्बन्धितबाट असुल हुनुपर्ने रु.</td><td>२७,१४५</td></tr>
<tr><td>७३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा रु.१०७२६०।- सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>६०४८२०००</td><td>१०७२६०</td><td>६०३७४७४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>सम्परीक्षण<br>लेखापरीक्षणको क्रममा निम्नानुसारका बेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४० बमोजिम सम्परीक्षणको लागि पेश भएकोमा रु.१०७२६०।- सम्परीक्षण भएको छ ।
<table>
<tr><th>आ.व.</th><th>दफा</th><th>विवरण</th><th>रकम</th><th>व्यहोरा</th></tr>
<tr><td>०७६/७७</td><td>५४</td><td>अ.न.मि. पुष्पा ऐडीलाई तलव भत्ता बढी भुक्तानी</td><td>१०७२६०</td><td>बढी भुक्तानी नभएको प्रमाण पेश भएको आधारमा फछ्र्यौट</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | अद्यावधिक बेरुजु<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br>९३९ | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ६०३७४७४० | १०७२६० | ३३५६६५२८ | ० | ९३९४१२६८ |